# छविसपाथिभेरा गाउँपालिका
## आर्थिक वर्ष २०८२।०८३ को
## १६ औँ अधिवेशन
## बार्षिक बजेट तथा कार्यक्रम

छविसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

छविसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
व्याँसि, बझाङ ।
सुदूरपश्चिम प्रदेश, नेपाल

<u>बजेट बक्तव्य</u>

गाउँसभाका सभाध्यक्ष ज्यू,
तथा सम्पूर्ण सभाका सदस्य ज्यूहरु ।

नेपालको संविधानले आत्मसाथ गरेको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाले सफल कार्यान्वयन गर्ने सन्दर्भमा देशको शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने नीति, योजना र कार्यक्रमका तर्जुमा गर्ने वार्षिक बजेट निर्माण तथा कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । राजनीतिक उपलब्धीको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नती प्रत्याभूत गर्ने राज्यको नीति रहेको छ । यसका लागि कानूनी राज्य र दिगो विकासको अवधारणा बमोजिम समाजवाद उन्मुख संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थालाई जगै देखि मजबुत तुल्याउन अधिकार सम्पन्न जननिर्वाचित स्थानीय सरकार संचालनको संवैधानिक व्यवस्था गरिएको छ । छविसपाथिभेरा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

संघीय लोकतान्त्रीक गणतन्त्रको युग सम्म ल्याउने क्रममा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने सम्पूर्ण महान शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नेपाली समाजको सकारात्मक रुपान्तरणको क्रममा अग्रपंतिमा रहेका नेतृत्वदायी भूमिका निर्माह गर्नुहुने अग्रजहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

देशले हाँसिल गरेको युगान्तकारी राजनैतिक उपल्बधीको जगमा स्थापित स्थानीय सरकार, सामाजिक न्याय सहितको समानुपातिक तिव्र विकास, शुसासन सहितको जन उत्तरदायी गाउँपालिका र सूसस्कृत, कर्तव्यनिष्ठ जागरुक उद्यमी, पेशा व्यवसायी एवं पूर्ण लोकतान्त्रीक तथा समाजवाद उन्मुख समृद्ध समाज निर्माणका लागि प्रतिवद्ध रहेका छौं ।

स्थानीय तहका विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई कार्यान्वयनमा आएको सातौं वर्ष पूरा भएको छ । संवैधानिक व्यवस्था अनुरुप संघीय लोकतान्त्रीक गणतन्त्र र संघीयताको कार्यान्वय गर्दै स्थानीय सरकार संचालन गर्नुपर्ने अभिभारा हामि जनप्रतिनिधि उपर आएकाले लोकतान्त्रीक समावेशी, जवाफदेही र प्रभावकारी तथा विश्वसनीय स्थानीय शासनको अनुभूती जनतालाई गराउने दायित्व जनप्रतिनिधिहरुमा रहेको कुरा सर्वविदितै छ ।

बराज बहादुर धलाउने
अध्यक्ष

**सभाध्यक्ष महोदय,**

**कृषि स्वास्थ्य शिक्षा र गुणस्तरीय पूर्वाधार, समृद्ध छविसपाथिभेरा निर्माणको आधार** भन्ने दीर्घकालिन सोच अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाँचामा स्थानीय परिवेश र आवश्यकता अनुरुप छविसपाथिभेरा गाउँपालिका प्रगतिको पथमा अगाडी बढिरहेको छ । स्वास्थ्य सुरक्षा, मितव्ययीता, पारदर्शीता, दिगो विकास र वित्तीय अनुशासनलाई आत्मसाथ गर्दै स्थानीय स्रोत साधनको अधिकतम् प्रयोग गरी सामाजिक न्याय सहितको आवश्यकतामा आधारित समानुपातिक, गुणस्तरिय एवं दिगो विकास गर्दै नविनतम् उपलब्धीको माध्यमबाट नमूना गाउँपालिका निर्माण गर्ने कार्यम हामी पूर्ण प्रतिवद्ध रहेका छौं।

स्थानीय सरकार जनताको शासक नभई सेवक, सहयोगी, सहजकर्ता हो भन्ने भावना लिएर **सुखी नेपाली समृद्ध नेपाल** भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार दोस्रो स्थानीय तह निर्वाचनबाट गठित वर्तमान स्थानीय सरकारको दोस्रो कार्यकालमा प्रवेश गरेका छौं।

जनअभिमतबाट जनप्रतिनिधि भई स्थानीय शासन संचालन भईरहेको अवस्थामा जनताको हामि प्रति उच्च अपेक्षा रहनु स्वाभाविक नै हो । बजेट तर्जुमाको क्रममा नेपालको संविधान, स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, स्थानीय सरकार संचालन ऐन २०७४, विद्यमान ऐन र नियम, छविसपाथिभेरा गाउँपालिकाको आवधिक विकास योजना, २५ वर्ष रणनीतिक सोच, विद्यमान संघीय प्रादेशिक तथा स्थानीय तहको दिर्घकालिन सोच, संघीय र प्रादेशिक आवधिक योजनाहरु दिगो विकासको लक्ष्यहरु, संघिय र प्रदेश सरकारबाट प्राप्त निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागि राजनीतिक दलका घोषणापत्रहरु, उपलब्ध स्रोत र साधनहरु, छविसपाथिभेरा गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दल, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजिवी, शिक्षक, पत्रकार र छविसपाथिभेरा गाउँपालिकाका सरोकारवाला आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदिबहिनीहरु र विद्यार्थि भाईवहिनीहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत आधार मानेर प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतका आधारमा रही बजेट निर्माण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

छविसपाथिभेरा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य र उद्धेश्य हासिल गर्नका लागि आगामि आर्थिक वर्ष २०८२।०८३ को बजेटका उद्धेश्यहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

**उद्धेश्यहरु :**

- ❖कृषि, शिक्षा, स्वास्थ्य एवं भौतिक पूर्वाधारको विकास र विस्तार गरी गाउँपालिकालाई आर्थिक समृद्धि तर्फ उन्मुख गराउँने ।
- ❖गाउँपालिका भित्र सडक, यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज बनाउँने ।
- ❖उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधीन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण गर्ने ।
- ❖सार्वजनिक सेवालाई प्रभावकारी बनाई जनतालई सुशासनको प्रत्याभूति दिने ।
- ❖विपद् जोखिम न्यूनीकरण, उद्धार, राहत एवं वन वातावरण र जलाधार संरक्षण गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म, आर्थिक वर्ष २०८२।०८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन् ।

- ❖कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण र जगाको चक्लाबन्दी गरी भू-उपयोग नीति अवलम्ब गरिने ।
- ❖गरिबि न्यूनीकरण, रोजगारी सिर्जना र आय आर्जनमा बृद्धि गर्दै विकासमा प्रत्यक्ष योगदान पुर्याउने ।
- ❖ कला तथा संस्कृतिको पहिचान, संरक्षण र सम्बर्द्धन गर्ने ।
- ❖सडक, खानेपानी, विद्युत र भवन जस्ता पूर्वाधारको विकास गर्ने ।
- ❖स्वच्छ वातावरणको संरक्षण गर्दै विपद् जोखिम न्यूनीकरण गर्ने ।
- ❖स्थानीय स्रोत साधन, श्रम, सिप र प्रविधिको आधारित जनशक्ति तयार गर्ने ।
- ❖सेवा प्रवाह, संस्थागत विकास र शुसासनमा जोड दिने ।
- ❖आन्तरिक राजश्व बृद्धि र परिचालनमा सहयोग पुर्याउने ।

**सभाध्यक्ष महोदय,**

अब म, यस गाउँपालिकाको चालु आ.व. को बजेट तथा कार्यक्रमको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ.व. २०८१।०८२ मा राजश्व बाँडफाँड तर्फ संघीय संघ र प्रदेशबाट रु ८ करोड ४० लाख ३७ हजार संशोधन गरिएकोमा जेठ मसान्त सम्म रु ६ करोड ५८ लाख ९३ हजार रुपैयाँ प्राप्त भै रु ५ करोड ७६ लाख ५९ हजार खर्च भएको छ । सशर्त तर्फ रु २७ करोड २६ लाख ८६ हजार संशोधन गरिएकोमा जेठ मसान्त सम्म रु २५ करोड ९१ लाख १५

अध्यक्ष

हजार प्राप्त भै रु २२ करोड १९ लाख ९५ हजार खर्च भई ८६ प्रतिशत प्रगति भएको छ। समानीकरण अनुदान तर्फ संघ र प्रदेशबाट रु ११ करोड ४६ हजार संशोधित गरिएकोमा जेठ मसान्त सम्म रु १० करोड १७ लाख ३२ हजार ६ सय प्राप्त भै रु ८ करोड ३५ लाख ९६ हजार ७ सय खर्च भै ८३ प्रतिशत प्रगति रहेको छ। विशेष अनुदान तर्फ रु १ करोड ६४ लाख संशोधन गरिएकोमा जेठ मसान्त रु १ करोड ६४ लाख प्राप्त भै रु १ करोड ६० लाख ५७ हजार खर्च भएको छ। प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ रु ८५ लाख संशोधन गरिएकोमा जेठ मसान्त सम्म ४२ लाख ५० हजार प्राप्त भै रु ४१ लाख ११ हजार खर्च भएको छ। अधिकांस योजनाहरु कार्य सम्पन्नको अन्तिम चरणमा रही भुक्तानी हुन बाकि भै कार्य प्रगति सन्तोषजनक देखिएता पनि आ.व. को अन्त्य सम्ममा पूँजीगत खर्च ७२ प्रतिशत भन्दा बढी हुने अनुमान गरिएको छ। आन्तरिक आय तर्फ २५ लाख अनुमान गरिएकोमा आ.व. को जेठ मसान्त सम्म रु १२ लाख ४६ हजार ७ सय आम्दानी भै लगभग ५० प्रतिशत मात्र आन्तरिक आम्दानी भएको छ।

**सभाध्यक्ष महोदय,**

अब म, यस गाउँपालिको आर्थिक वर्ष २०८२।०८३ को प्राप्त बजेट सिलिङ तथा गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानिको आधारमा वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि रु ४४ करोड ८९ लाख २८ हजार ५ सय ५२ रुपियाको बजेट प्रस्तावित गरिएको छ।**

- ✓ **जस अन्तर्गत राजश्व बाँडफाँड तर्फ :** केन्द्र सरकारबाट रु ७ करोड ९३ लाख, २६ हजार ५ सय ५२ रुपैया प्रदेश सरकारबाट २१ लाख १८ हजार र आन्तरिक आम्दानी तर्फ रु ३० लाख गरी जम्मा ८ करोड १७ लाख ४४ हजार ५ सय ५२ रुपिया रकम अनुमान गरिएको छ।
- ✓ **नेपाल सरकार अनुदान तर्फ :** वित्तिय समानीकरण अनुदान अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान रु ११ करोड १५ लाख, प्रदेश सरकारबाट ९६ लाख ८४ हजार गरी जम्मा रु ११ करोड ११लाख ८४ हजार अनुमान गरिएको छ।
- ✓ **सशर्त अनुदान तर्फ :** नेपाल सरकारबाट प्राप्त रु २३ करोड १० लाख अनुमान गरिएको छ।
- ✓ **विशेष अनुदान तर्फ :** नेपाल सरकारबाट रु ५३ लाख, प्रदेश सरकारबाट रु ७५ लाख गरी जम्मा रु १ करोड २८ लाख अनुमान गरिएको छ।

हसन्त बहादुर चलाउने
अध्यक्ष

- ✓ **समपूरक अनुदान तर्फ :** नेपाल सरकारबाट रु ५६ लाख, प्रदेश सरकारबाट रु ३९ लाख गरी जम्मा रु ९५ लाख अनुमान गरिएको छ ।

समानीकरण तर्फको बजेट मध्य आर्थिक विकासमा २७ प्रतिशत, सामाजिक विकासमा ३० प्रतिशत, पूर्वाधार विकासमा ३० प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापनमा ७ प्रतिशत र सुशासन तथा संस्थागत विकासमा १० प्रतिशत क्षेत्रगत बजेट सिमा निर्धारण गरिएको छ

**सभाध्यक्ष महोदय,**

**अब म, यस बजेट बक्तव्यमा भएका मुख्य-मुख्य योजनाहरुलाई सारांशमा उल्लेख गर्न चाहान्छु ।**

विकास कार्यको दिगो, व्यवस्थित र पारदर्शी बनाउनको लागि संघ, प्रदेश तथा विभिन्न दातृ निकायहरुसंग साझेदारीका लागि रु १ करोड ९० लाख विनियोजन गरेको छु । विकास र परिवर्तनको आधार स्तम्भ अर्थतन्त्रको सुदृढीकरण नै आर्थि विकास हो । कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र आर्थिक विकासका विविध क्षेत्र हुन् । यस्ता महत्वपूर्ण क्षेत्रहरुको विकासका लागि आर्थिक विकास तर्फ रु. १ करोड ९७ लाख विनियोजन गरेको छु ।

समान रुपान्तरण र आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सामाजिक विकासलाई समानान्तर ढंगबाट प्राथमिकताका साथ अघि बढाउन सन्तुलित विकास हासिल गर्न सकिदैन । विकासको मेरुदण्ड शिक्षा जीवनको आधार, संस्कार संस्कृति र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणले नै विकासको कार्यलाई संस्थागत गर्ने हुनाले सामाजिक विकास तर्फ रु ३ करोड २० लाख विनियोजन गरेको छु ।

विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित नगरे सम्म विकासले गति लिन नसक्ने भएकोले स्थानीय सडक, सिचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरुका लागि पूर्वाधार विकास तर्फ रु ३ करोड ५ लाख विनियोजन गरेको छु ।

वातावरण सम्पूर्ण जीवजन्तुहरु वनस्पतिको अस्तित्वको प्रमुख आधार हो । हाम्रा हरेक क्रियाकलाप वातावरण मैत्रि हुनु पर्दछ । वातावरण मैत्रि दिगो विकास र विपद् व्यवस्थापनले मात्र सन्तुलित, टिकाउ र प्रतिफलयुक्त विकास गर्न सकिन्छ । त्यसैले वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहोर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन तर्फ रु २०लाख विनियोजन गरेको छु ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन मार्फत लोकतन्त्रका आदर्शहरुको संरक्षण, लाभहरुको न्यायोचित वितरण, नागरिक मैत्री सेवा प्रवाह गर्न सकिएका गाउँ सरकार प्रति नागरिकको अपनत्व, विश्वास र सहकार्यको विकास हुन्छ भन्ने विश्वास लिएको छु । तसर्थ मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग, लेखाङ्कन, राजश्व परिचालन, वित्तीय सुशासन, आन्तरिक लेखा परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा बेरुजु फर्छ्यौट गरी समग्र सुशासन तथा संस्थागत विकास तर्फ रु ६५ लाख विनियोजन गरेको छु ।

अन्तमा यस गाउँसभाको १६ औं अधिवेशनमा आफ्नो उल्लेख्य सहभागिता जनाउनु भएका गाउँसभा अध्यक्ष ज्यू, गाउँसभा सदस्य ज्यूहरु, पत्रकार, मेरा सहयोगि कर्मचारी मित्रहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई धन्यवाद प्रकट गर्न चाहान्छु । साथै हाम्रो छविसपाथिभेरा गाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन हुने क्रियाकलाप संचालन गरिने छन् । यस गाउँपालिकाको समृद्धिको लागि हामी सबै जुटौं भनी हार्दिक आव्हान गर्दै सार्वभौम सत्ता सम्पन्न सम्पूर्ण जनताको उज्वल भविश्यको कामना गर्दछु ।

धन्यवाद ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

लछिमन बोहरा
गाउँपालिका उपाध्यक्ष

लछिमन बोहरा
गाउँपालिका उपाध्यक्ष